# घुम्टो बाहिरकी शान्ती

बन्दना तुलाचन



सर्वाधिकार © २०२१ बन्दना तुलाचन । सबै अधिकार सुरक्षित ।
बन्दना तुलाचन र Goethe-Institut Indonesien बाट लिखित अनुमति बिना यस कमिक्सको कुनै पनि अंश कुनै पनि रूपमा पुनः उत्पादन गर्न पाइने छैन ।

बन्दना तुलाचनको घुम्टो बाहिरकी शान्ती Goethe-Institut को पहल, Movements and Moments - Feminists Generations को भागको रूपमा विकसित गरिएको थियो । यस परियोजनाले ग्लोबल साउथका आदिवासी नारीवादी अभियान र नायिकाहरूका जीवन कथाहरूलाई कमिक्सको अत्यधिक पहुँचयोग्य माध्यमद्वारा प्रस्तुत गर्ने लक्ष्य राखेको छ ।

GOETHE
INSTITUT


शान्ती चौधरी सानै छदाँ उनको परिवारले एउटी छोरी मान्छे यति जिद्दी कसरी हुनसक्छे भन्ने कुरा बुझ्दैनन् थिए ।
शान्ती, जतिबेला पनि झगडा नगर । आफ्नो दाइहरूको कुरा सुन त ।


तर... अरु कोही गलत छ भने पनि...


म चुप बस्नुपर्छ ?


हेर, बेटी, छोरी मान्छे भनेको शान्त र शिष्ट भएकै जाति ।








शान्तिको ठीक उल्टो अर्थ अशान्ति, उनलाई ठूलो हुँदासम्म पनि बेलाबेलामा यही नामले बोलाइने गरिन्थ्यो ।

आफ्नो बाल्यकालभरि शान्तीले महिलाहरू साडीको घुम्टोभित्र लुकेर, हरेक दिन घरायसी कामको बोझ बोकेर जीवन संघर्ष गरेको देखेकी थिइन् ।




थारु महिलाका लागि भावना, सोच वा चाहनाको कुनै ठाउँ नै छैन रहेछ भन्ने शान्तीलाई लाग्थ्यो ।




दुधु : आमा

शान्तीको लागि, महिला हुनु भनेको
दुधुको ठेला उठेका हातहरू,



अनि बाबाको पिटाइले गर्दा फुटेका
दुधुको चुराहरूको सम्झना थियो ।



जस्तोसुकै परिस्थितिमा पनि सहेर बाँचिरहनुपर्ने यो एउटा पाठ थियो ।










त्यतिबेला आफूभन्दा दुईगुना जेठो पुरुषसँग बिहे गर्दा शान्ती केवल १६ वर्षकी थिइन् ।

शान्तीको पति जनकपुरको एउटा चुरोट कारखानामा काम गर्थे । बारा जिल्लाबाट १५० किलोमिटर पूर्व पर्ने एउटा व्यस्त सहर थियो जनकपुर । त्यहाँ उनको पति आफ्ना दाजु र भौजुसँग बस्थे ।




अपरिचित नयाँ सहरमा, अपरिचित नयाँ परिवारसँग शान्तीले आफ्नो जीवनको अर्थ बुझ्न संघर्ष गरिन् ।







म अलिक ठूलो भएको भए केही फरक हुन्थ्यो कि ? स्कूलमा भएका मेरा सबै साथीहरू पढ्दै होलान् । उनीहरूले आफ्ना भविष्यको योजना बनाएका होलान् ।
मैले मेरो एसएलसी परीक्षा पास गर्नुपर्छ...
मलाई एसएलसीको लागि केही पैसा दिनुहोस् न!
अरे, तिमी के भन्दैछौं ? तिमी त आमा बन्न लागेकी छौ ।
परीक्षाको लागि म काठमाडौं जान्छु अनि चाँडै घर फर्कनेछु ।
नचाहिँदो कुरा नगर । तिमी यहीँ बस ।
कस्तो अचम्मको कुरा! शान्ति आफ्नै तालमा काठमाडौं हिँडी ।
बुहारी त कस्ती रहिछे!



शान्ती आफ्नो घरको पर्खालहरू बीच फसेकी थिइन्



र नितान्त एक्ली भएकी थिइन् ।



तर मध्यदिनको घाम र चिसो रातका क्षणहरूमा, जब सबैजना सुतिसकेका हुन्थे, शान्ती जागै हुन्थिन् र लेख्ने गर्थिन् । आफ्नो सबै भावना, पीडा, रिस र कुन्ठा उनी कागजको पानामा पोख्थिन् ।




उनी उम्कने एकमात्र माध्यम तिनै अक्षर र शब्दहरू हुन्थे ।

शान्तीले एकपटक त झण्डै हरेश खाइसकेकी थिइन् ।








अँध्यारो पानीले एकटकले उनीतिर हेरिरह्यो ।



उनको दिमाग उथलपुथल भइरहेको थियो ।



यदि म आज मरेँ भने, के कसैले मलाई कठैबरा भन्लान्? के मेरो लागि दुःखी होलान्?




तर मैले के गल्ती गरेको छु र ?
आज म किन मर्ने ?
माफी त तिनीहरूले पो माग्ने हो ।
मैले सिडीओलाई भेट्नुपर्छ ।
आज ढिला भयो । तिमी भोलि आउनु, हुन्छ ?
सिडिओसँग कुरा नगरी म कतै जान्न । रातभरि बस्नुपरे पनि म यही बस्छु ।
त्यो साँझ, शान्ती प्रहरी लिएर घर फर्किन् । प्रहरीको अगाडि उनको परिवारले उनीसँग माफी माग्यो ।
माफ गर । हामी यस्तो फेरि गर्ने छैनौं ।
जीवनमा पहिलोपटक शान्तीले सही भएको महसुस गरिन् ।
जे भएपनि सायद यहाँ न्याय छ ।



जूनको शीतल सूर्यको ताप
हातमा ठेला, रोगको बास
म पनि मान्छे
मान्छे झैं बाच्थें
पाएँ त सीप गरेर खान्थें


केही वर्षहरूपछि शान्तीको पतिले जनकपुरमा आफ्नो जागिर गुमाए र उनीहरू उसको बुबाको घर गडहलमा सरे ।
अम्मा, म मिल जाँदैछु है ।
शान्ति! आउ जाम् ।
किन लजाएको, बेटु ? जाऊ दिदीसँग हिँड ।


नमस्कार, साहेब!
नमस्कार! नमस्कार!
ओहो, के त्यो तिम्रो सानी छोरी होइन? बेटी ठूली भइसकिछे त !
...
को हो त्यो?
उ गजेन्द्र साहु हो । उसको नजरमा नपर्नु नै राम्रो ।
अनुहार ढाकेर राख्नु भनेको होइन मैले तिमीलाई!

शान्तीलाई गडहल करहैया जस्तो अलिकति पनि लागेन । उनको घरबाट त्यति टाढा नभए पनि यो गाउँमा एउटा निर्दयी साहुको राज थियो ।




थारु समुदायभित्र पनि धेरै समस्या थिए ।









हरेक दिन बाँच्ने संघर्षको क्रममा उनको एकमात्र विश्राम, उनको लेखाइ ओझेलमा पर्‍यो ।




अन्नको खाली भकारी,



दैनिकको भागदौड




र अदम्य साहसले शान्तीलाई अगाडि बढाइरह्यो ।



ढक्कीहरू र स्थानीय हस्तकलाले राम्रो बजार पाउँदै गयो । र चाँडै शान्तीले थारु महिलाहरूले बनाएको ढक्की सहरमा बेच्न भारीका भारी उठाउँदै गइन् ।



त्यो समयमा काठमाडौंमा हस्तकला उद्योग फस्टाउँदै थियो,






र शान्ती गडहललाई काठमाडौंसँग जोड्ने माध्यम बनिन् ।



गडहलमा केही परिवर्तन पनि भएको थियो ।







केही समयको लागि, सबैकुरा राम्रो हुँदै गए ।



तर साहुहरूले गाउँमा प्रगति चाहँदैन थिए । उनीहरूलाई कुनै परिवर्तन चाहिएको थिएन ।



अनि एकदिन शान्तीले सिडिओबाट एउटा नोटिस पाइन् । यो उनीबिरुद्ध गरिएको उजुरी थियो ।












थुनिनुपर्ला भन्ने डरले, शान्तीले आफ्नो छोरो लिएर काठमाडौं भागिन् । उनी सरकारी मान्छेहरूलाई विश्वास गर्दिनथिइन् र उनले जोखिम पनि मोल्न चाहिनन् ।



तर काठमाडौंमा शान्तीको परिवारले मिलाप गरी पतिसँग गएर बसेको हेर्न चाहन्थे ।



तर जीवन सोचेजस्तो कहाँ हुन्छ र । चाँडै, जनकपुरमा रहेका उनको पतिको आफन्तले उनको छोरोलाई लिएर गए ।




उनले जति कोसिस गरेपनि उनीहरूले छोरासँग फेरि उनलाई भेट्न दिएनन् ।















समय परिवर्तन भयो र जीवन अघि बढ्दै गयो ।

आफूलाई सम्हाल्न शान्तीले साहस खोज्नु थियो ।



काठमाडौंमा, शान्तीले केही समय एउटा ल फर्ममा काम गरिन्, र त्यहाँ उनको धेरै महिलासँग भेट भयो, जो शोषणमा परेका थिए । किनभने ती महिलाहरूलाई आफ्नो अधिकार के हो थाहा थिएन ।




र शान्तीले आफ्नो लागि एउटा लक्ष्य भेटिन् । २०४५ सालमा शान्तीले सृजना विकास केन्द्र खोलिन्, गाउँका महिला र युवालाई सशक्त बनाउन ।








र शान्तीले फेरि लेख्न थालिन् ।



यो पटक उनले लुकेर लेख्नु परेन । उनका लेखहरू सृजना विकास केन्द्रमार्फत् प्रकाशित हुन्थे र समुदायका महिला र युवासँग तालिम र कार्यक्रम गर्दा प्रयोग हुन्थे ।




एउटा केटी जो आफ्नो विचार पोख्दा अशान्ति मानिन्थ्यो, शान्तीले आफ्नै आवाज भेटिन् । त्यो एउटा बलियो र ठोस आवाज थियो, उनको आफ्नै आवाज ।









शान्तीको कथाहरू मानिसहरूको बारेमा छन्,



र महिलाको बारेमा छन् ।

शान्तीको कथाहरू उनको
बारेमा छन् ।



